कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
**प्रदेश लेखा नियन्त्रक कार्यालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

फोन नं. ०८३-५२४४७४
फ्याक्सः- ०८३-५२४४७४
Email:- pfcokarnali123@gmail.com

पत्र संख्याः-२०८०/८१
चलानी नं. ४०४

मितिः-२०८०/११/११

विषय- भुक्तानी निकासा सम्वन्धमा ।

श्री प्रदेश लेखा इकाई कार्यालय,
सबै ।

उपरोक्त सम्बन्धमा कर्णाली प्रदेश सरकारले माघ महिनासम्म संकलन गरेको राजश्वहरुको हिसाव भिडान गरी प्रदेश सरकारको आन्तरिक अनुदान तथा राजश्व खातामा रकम ट्रान्सफर गर्नुपर्ने व्यवस्था बमोजिम जिल्ला स्थित विभिन्न कार्यालयहरुले संकलन गरेको राजश्वको मासिक कार्यालयगत र बैकगत हिसाब भिडान हुनुपर्नेमा राजश्व व्यवस्थापन सूचना प्रणालीको प्रतिवेदन बमोजिम अधिकांश जिल्लाहरुले हालसम्म पनि उक्त भिडान गर्ने कार्य नगरेको देखिएकोले प्रत्येक प्रदेश लेखा इकाई कार्यालयले जिल्लास्थित सम्पूर्ण कार्यालयहरुको माघ महिनासम्मको राजश्व,विनियोजन,धरौटी, विविध र अन्यकोषहरुको हिसाव भिडाई नियमित रुपमा यस कार्यालयलाई प्रतिवेदन गर्नुहुन अनुरोध छ । साथै हिसाव भिडान सम्वन्धी अन्य कुराहरु तपशिल बमोजिम गर्नुहुन अनुरोध छ ।

तपशिल

- कार्यालयहरुले बैदेशिक श्रोत समावेश भएको कार्यक्रमहरुको निकासा माग गर्नपूर्व उक्त श्रोतको निकासा फुकुवा भए नभएको एकिन गरेर मात्र भुक्तानी आदेश पठाउनु पर्नेछ ।
- सोझै भुक्तानी र बस्तुगत सहायता वापतको रकम प्राप्त भएपश्चात सम्बन्धित कार्यालयले Integrated Public Financial Management Services (IPFMS) मा प्रविष्टि गरी सो को भुक्तानी आदेश प्रदेश लेखा नियन्त्रक कार्यालय/ प्रदेश लेखा इकाई कार्यालयमा पठाउनुहुन ।
- कार्यालयहरुले प्रदेश लेखा नियन्त्रक कार्यालय / प्रदेश लेखा इकाई कार्यालयमा निकासाका लागि भुक्तानी आदेश पठाउँदा केही कार्यालयहरुले भुक्तानी पाउनेको आधारमा पठाउने गरेकोमा यसो हुदाँ भुक्तानी आदेशमा खर्च शिर्षक, श्रोत र भुक्तानी बिधि नदेखिने हुदाँ श्रोत फुकुवा भिडान गर्न असहज भएको साथै कतिपय कार्यालयहरुले सोझै भुक्तानीको समेत निकासा माग गरी निकासा लिने सम्भावना रहेकोले अव उप्रान्त भुक्तानी आदेशमा एकरुपता कायम गर्न निकासाका लागि भुक्तानी आदेश पठाउदाँ क्रियाकलापगत पठाउनुपर्ने ।
- प्रत्येक कार्यालयहरुले आफ्नो कार्यालयको विनियोजन, राजश्व, धरौटी र कार्यसञ्चालनकोषको मासिक फाँटवारी प्रत्येक महिनाको ७ गते भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय / प्रदेश लेखा इकाई कार्यालयमा पेश गरेर भिडान भए पश्चात मात्र आगामी निकासा गर्नुहुन ।
- प्रदेश लेखा नियन्त्रक कार्यालयको Integrated Public Financial Management Services (IPFMS) प्रणालीको प्रतिवेदन हेर्दा हालसम्म पनि कतिपय कार्यालयहरुले गत बर्षको बाँकी धरौटी र कार्य सञ्चालन कोषको मौज्दात यस आर्थिक बर्षमा आम्दानी बाँधी आम्दानी आदेश पठाउनुपर्नेमा सो नगरेको पाइएकोले

दिपेन्द्र मगराती
का.मु. प्रदेश लेखा नियन्त्रक

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
**प्रदेश लेखा नियन्त्रक कार्यालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

फोन नं. ०८३-५२४४७४
फ्याक्सः- ०८३-५२४४७४
Email:-
pfcokarnali123@gmail.com

पत्र संख्याः-२०८०/८१
चलानी नं. ३०४

मितिः-२०८०/११/११

---

तत्काल आम्दानी आदेश पठाउनुहुन ।साथै यस आ.व. मा प्राप्त धरौटी र बिबिध कोषको रकम समयमै आम्दानी बाँधी सोको आम्दानी आदेश प्रदेश लेखा नियन्त्रक कार्यालय / प्रदेश लेखा इकाई कार्यालयमा पठाउनुहुन ।

- समपुरक अनुदानबाट सञ्चालित आयोजनाहरुको खर्च निकासा माग गर्दा प्रचलित कानून बमोजिम संघीय समपुरक अनुदान तथा प्रदेश सरकारको श्रोतबाट समान अनुपातमा खर्च निकासा माग गर्नुपर्नेमा केही कार्यालयहरुले सो नगरेको देखिएकोले यस अघि भएको खर्च समेतलाई समायोजन मिलान गर्ने र अब उप्रान्त संघीय समपुरक अनुदान तथा प्रदेश सरकारको श्रोतबाट समान अनुपातमा खर्च निकासा माग गर्ने ।
- महालेखा नियन्त्रक कार्यालय (कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा ),अनामनगरको च.नं. १४९ मिति २०८०/१०/०८ गतेको पत्रबमोजिम प्रतिबद्धताको अभिलेख पूर्णरुपमा कार्यान्वयन गर्नुहुनेछ ।साथै उक्त प्रतिवद्धता प्रविष्टी कार्यान्वयन गरे / नगरेको व्यहोरा आन्तरिक लेखापरीक्षण गर्दा परीक्षण गरी सोही वमोजिमको व्यहोरा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख गरिनेछ ।
- कार्यालयहरुको भुक्तानी आदेश वमोजिम तयार भएका कर, पानी बिजुली आदीको चेक तोकिएको म्याद (१५ दिन) भित्र अनिवार्यरुपमा साट्नुपर्नेछ ।कार्यालयहरुले पठाएको EFT विभिन्न कारणले Reject भई सम्बन्धित खातामा रकम जम्मा नभएको कारोवारहरुको तत्काल एकीन गरि उक्त कारोवारहरुको Refund का लागि प्रदेश लेखा नियन्त्रक कार्यालय/इकाई कार्यालयलाई पत्र पठाई हिसाब मिलान गर्नुपर्नेछ ।
- कतिपय कार्यालयहरुले भुक्तानी आदेश पठाउदा तथा भुक्तानी सम्बन्धि अन्य कार्यका लागि कार्यालयको आधिकारीक व्यक्ति बाहेक निर्माण व्यवसायी,उपभोक्ता समितिका पदाधिकारी आदिलाई समेत पठाउने गरेकोमा सो नगरी कार्यालयको आधिकारिक व्यक्तिलाई मात्र प्रदेश लेखा नियन्त्रक कार्यालय/इकाई कार्यालयमा पठाउनु पर्नेछ ।

(दिपेन्द्र मगराती)
का.मु.प्रदेश लेखा नियन्त्रक

दिपेन्द्र मगराती
का.मु. प्रदेश लेखा नियन्त्रक

<u>बोधार्थ-</u>
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, विनियोजन शाखा-पत्रानुसार कामकारवाही गर्नुहुन
श्री सुचना प्रविधि शाखा-पत्र वेवसाइटमा अपलोड गर्नुहुन ।